# सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(पदपूर्ति समितिको सचिवालय)
तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

सूचना नं. ६८

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०५ गते)**

यस गाउँपालिकाको लागी तपसिल बमोजिमको पदहरुमा सेवा करारमा नियुक्त गर्नुपर्ने भएकोले प्रदेश लोकसेवा आयोग विराटनगरमा लिखित सूचि माग गरिएकोमा उपलब्ध भएका नामावली अनुसारको वैकल्पिक वा अस्थायी योग्यताक्रमका व्यक्तिलाई सम्पर्क गर्दा आउन नसक्ने भनि जानकारी प्राप्त भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको आवेदन दस्तुर गाउँ कार्यपालिकाको कार्यालयको नेपाल बैंक, सिरीजङ्घा शाखामा रहेको राजस्व खाता नं. २६१०३००००१००१००००००१ (शिर्षक नं १४२२४) मा बुझाएको भौचर सहित गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङमा आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| विज्ञापन नं | पद | संख्या | न्युनतम सेवा सुविधा | आवेदन दस्तुर | कार्य गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|---|
| ०८/०८१/०८२ | मेडिकल अधिकृत आठौ तह | १ (एक) | नेपाल सरकारले तोकेको आठौं तहको न्युनतम स्केल र गाउँपालिकाबाट थप मासिक प्रोत्साहन १००% उपलब्ध हुने | १,२००।– (एक हजार दुई सय रुपैयाँ मात्र) | प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोक |
| ०९/०८१/०८२ | स्टाफ नर्स सहायकस्तर पाँचौ | १ (एक) | सहायकस्तर पाँचौ तहको शुरु तलव स्केल | ७००।- (सात सय रुपैया मात्र ) | प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोक |
| १०/०८१/०८२ | रेडियोग्राफर सहायकस्तर पाँचौ | १ (एक) | सहायकस्तर पाँचौ तहको शुरु तलव स्केल | ७००।- (सात सय रुपैया मात्र ) | प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोक |
| १०/०८१/०८२ | रोजगार सहायक | १ (एक) | सहायकस्तर पाँचौ तहको शुरु तलव स्केल | ५००।- (पाँच सय रुपैया मात्र ) | सिरीजङ्घा गाउँपालिका ताप्लेजुङ्ग |
| ११/०८१/०८२ | अ.हे.व. सहायकस्तर चौथो | १ (एक) | सहायकस्तर चौथौं तहको शुरु तलव स्केल | ५००।- (पाँच सय रुपैया मात्र ) | तोकिए बमोजिम |
| १२/०८१/०८२ | अ.न.मि सहायकस्तर चौथो | १ (एक) | सहायकस्तर चौथौं तहको शुरु तलव स्केल | ५००।- (पाँच सय रुपैँया मात्र) | तोकिए बमोजिम |

**१. मेडिकल अधिकृत, स्टाफ नर्स, रेडियोग्राफर, अ.न.मि. र अ.हे.व. पदको लागि आवश्यक न्युनतम योग्यताः**

क) दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

ख) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट लोक सेवा आयोगले निधारण गरेको न्युनतम शैक्षिक योग्यता प्राप्त गरि सम्बन्धित परिषदमा दर्ता तथा नविकरण भएको।

ग) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी वर्खास्त नभएको।

घ) नेपाली नागरिक हुनुपर्ने।

ङ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

**२. रोजगार सहायकको पदको लागि आवश्यक न्यूनतम योग्यताः**

क) दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

ख) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी गरेको।

ग) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी वर्खास्त नभएको।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहराएको

ङ) नेपाली नागरिक हुनुपर्ने ।

च) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको ।

छ) आधारभूत कम्प्यूटर सीप सम्बन्धि कम्तीमा ३ महिनाको तालिम लिएको ।

**३. परिक्षाको किसिम**

क) मेडिकल अधिकृत, स्टाफ नर्स, रेडियोग्राफर, अ.न.मी. र अ.हे.व. को हकमा सिरीजङ्घा गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को भएको व्यवस्था अनुसार उम्मेद्धार छनौट गरिनेछ ।

ख) रोजगार सहायक पदको लागि स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपुर्ति सम्बन्धि मापदण्ड, २०७८ को भएको व्यवस्था अनुसार उम्मेद्धार छनौट गरिनेछ ।

**दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- हालसालै खिचेको पासपोर्ट साईजको ३ प्रति फोटो ।
- अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी ।

**द्रष्टव्य:** सिरीजङ्घा गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ तथा अन्य कार्यविधिहरुमा उल्लेखित आवेदन फाराम यस गाउँपालिकाको वेवसाईट www.sirijanghamun.gov.np वाट डाउनलोड गरी राजश्व तिरेको भौचर सहित इमेल (sirijangharuralmunicipality@gmail.com) मार्फत पठाउन सकिनेछ । तोकिएको योग्यता बमोजिमको कागजात नपुग भएमा दरखास्त स्वीकृत गर्न कार्यालय बाध्यकारी नहुने व्यहोरा समेत जानकारी गरिएको छ । थप जानकारीको लागी यस कार्यालयको सूचना अधिकारी श्री संजिव सिंह (९८६२००६२३७) सँग वुझ्न सकिनेछ । आवेदन फाराम वुझाउने म्याद नाघे पश्चात लिखित तथा अन्तरवार्ताको मिति प्रकाशित गरिनेछ ।

२०८०/०९/०६

संजिव सिंह
सदस्य-सचिव